स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



समर निरौलाको डेब्यु निर्देशकीय फिल्म 'ममी'को पहिलो गीत सार्वजनिक गरिएको छ । 'म त यसै नक्कली' बोलको डान्सिङ शैलीको गीतको भिडियोमा फिल्मका दुई मुख्य अभिनेत्री प्रियंका कार्की र दीया मास्केलाई नृत्य गर्दै देख्न सकिन्छ । उनीहरु दुवैलाई कोरियोग्राफर विक्रम स्वारले फरक नृत्य शैलीमा प्रस्तुत गरेका छन् । गीतमा समीक्षा अधिकारी र विज्ञानी पराजुलीको स्वर, हर्क साउदको शब्द र एसडी योगीको संगीत छ । फिल्मको कथा भूत-प्रेतसँग सम्बन्धित रहेको दर्शाउँछ ।

**आजको विचार...**



मणि शर्मा

हाम्रा ... (दुई पेजमा)

(दुई पेजमा)



प्रकाश सपूतले आफ्नो ड्रिम प्रोजेक्ट 'वसन्त'को पोस्टर सार्वजनिक गरेका छन् । प्रकाश आफ्नै लेखन तथा निर्देशक रहेको सिनेमाको पोस्टर सार्वजनिक गरेका हुन् । पोस्टरमा प्रकाश आफैं फिचर्ड छन् । पोस्टरमा प्रकाशको पात्र अध्ययनशील देखिएको छ । केही लेखिरहेको र केही सोचिरहेको देखिन्छ । टेबुलमा किताबको चाङ छ भने भित्तामा लक्ष्मीप्रसाद देवकोटा र पारिजातका तस्बिर छन् । यसले उनी कही साहित्य लेखिरहेको अनुमान हुन्छ । 'वसन्त'मा सपूतको लेखन, निर्देशन, निर्माण, अभिनय, गायन र संगीत रहेको छ । यो चलचित्र चैत २२ गते रिलिज हुनेछ ।

❒ वर्ष ३० ❒ अंक १६५ ❒ २०८१ पौष २३ गते मंगलबार 7 January 2025, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### बस दुर्घटनामा चार जनाको मृत्यु

(रासस/सिन्हुवा)

**नयाँ दिल्ली,** पुस २२/भारतको दक्षिणी राज्य केरलामा सोमबार एउटा बस गहिरो खाल्डोमा खस्दा दुई महिलासहित कम्तीमा चार जनाको मृत्यु भएको छ भने अन्य २९ जना घाइते भएका छन् । राज्यको इडुक्की जिल्लामा बिहान सबेरै भएको उक्त घटना बसको ब्रेक फेल भएर भएको आशङ्का गरिएको छ । बस केरला राज्य सडक यातायात निगमको थियो । घटनास्थलबाट शव निकालिएको र घाइतेलाई स्थानीय अस्पतालमा भर्ना गरिएको प्रहरीले जनाएको छ ।

### सुन गोहोरोसहित दुई जना पक्राउ

**काठमाडौं,** पुस २२/विराटनगर महानगरपालिका-१३ कोशी राजमार्गबाट छ वटा दुर्लभ जनावर सुन गोहोरोसहित दुई जना पक्राउ परेका छन् । भारतबाट विराटनगरतर्फ आउँदै गरेका उनीहरूलाई सोमबार बिहान पक्राउ गरिएको हो ।

प्रहरीले सुनसरीको बर्जु गाउँपालिका-१ का ५८ वर्षीय बुद्धि ऋषिदेव र ५६ वर्षीय सुरेश ऋषिदेवलाई कारबाहीका लागि जिल्ला डिभिजन वन कार्यालय पठाएको केन्द्रीय प्रहरी समाचारकक्षले जनाएको छ ।-रासस

## तराईमा चिसोको प्रभाव

# जाडो बढेपछि बन्द हुन थाले विद्यालय

हाम्रा संवाददाता

**बुटवल,** पौष २२/केही दिन यता तराईका जिल्लाहरुमा अत्याधिक रुपमा चिसो बढेको छ । अधिकतम तापक्रम कम हुँदा चिसो अत्यधिक बढ्दै गएको हो ।

चिसोका कारण विद्यालयमा आउने विद्यार्थीको संख्यामा कमी हुन थालेपछि रुपन्देही र कपिलवस्तुका पालिकारुले विद्यालय बन्द गर्न सम्बन्धित विद्यालयहरुलाई निर्देशन गरेका छन् । विद्यालय आउने बालबालिकामा चिसोको कारण समस्या बढ्न सक्नेतर्फ सचेत हुँदै यस्तो निर्णय लिएको सम्बन्धित पालिकाहरुले जनाएका छन् । जाडो बढेपछि सोमबारसम्म रुपन्देहीका तीन र कपिलवस्तुका ६ स्थानीय तहले विद्यालयमा बिदा दिएका छन् । रुपन्देहीका सम्मरीमाई, मर्चवारी र




कोटहीमाई गाउँपालिकामा सोमबारदेखि जाडो बिदा दिइएको छ । सम्मरीमाई र मर्चवारीले पुस २२ देखि माघ २ गतेसम्म बिदा दिएका छन् । त्यस्तै कोटहीमाईले पुस २२ देखि पुस २९ गतेसम्म बिदा दिएका छन् । शितलहरका कारण चिसो अत्याधिक बढेकाले विद्यार्थीको स्वास्थ्यमा पर्न सक्ने असरलाई मध्यनजर गर्दै विद्यालयहरु बन्द गर्न भनिएको कोटहीमाई गाउँपालिकाका अध्यक्ष बालकृष्ण त्रिपाटीले बताए । उनका अनुसार हिउँदे बिदाबाट कट्टा हुने गरी गाउँपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयमा बिदा दिइएको छ । बिदा दिइए पनि विद्यालयको प्रशासनिक कामकाज खुला राख्न भनिएको सम्मरीमाई गाउँपालिकाका अध्यक्ष विनोदकुमार श्रीवास्तवले बताए । यस्तै कपिलवस्तुका कपिलवस्तु र शिवराज नगरपालिकाले पुस २१ देखि माघ ४ गतेसम्म बिदा दिएका छन् भने शुद्धोधन गाउँपालिकाले पुस २१ गतेदेखि पुस २९ गतेसम्म र मायादेवी गाउँपालिकाले पुस २१ देखि माघ ८ गतेसम्म बिदा दिएको छ । त्यस्तै बुद्धभूमि नगरपालिकाले पुस २१ देखि माघ ११ गतेसम्म तथा यशोधरा गाउँपालिकाले पुस २१ देखि माघ ४ गतेसम्म बिदा दिएको छ । हिउँदे बिदाबाट कट्टा हुने गरी विद्यालयमा बिदा दिइएको कपिलवस्तु नगरपालिकाका नगर प्रमुख सुदीप पौडेलले बताए । ५/६ दिनदेखि घाम नलागेर कठ्यांग्रिने चिसो बढेपछि विद्यालय बन्द गरिएको हो । दिउँसोसम्म हुस्सु लाग्दा हिँडडुल गर्न समस्या पर्ने र बालबालिकालाई विद्यालय आउन जान असहज हुने भएकाले बिदा दिइएको यहाँका पालिकाहरुले बताएका छन् ।

तराईमा बाक्लो हुस्सुका कारण विद्यालयका सवारी साधन चलाउनसमेत समस्या भएकाले जाडो बिदाका रूपमा विद्यालय बन्द गरिएको हो । जाडो बढेपछि जिल्लाका मुख्य बजारमा खासै चहलपहल छैन । सर्वसाधारण चोकचोकमा आगो तापेर बसिरहेका छन् । मानिस घरैभित्रै खुम्चिएर बसेका छन् । अत्यावश्यक कामबाहेक मानिसहरू घरबाहिर निस्किएका छैनन् । शीतलहरले जनजीवन प्रभावित भएपछि जाडो बढेसँगै लाग्ने हुस्सु र कुहिरोले चिसो बढ्ने भएकाले स्वास्थ्यमा विशेष सावधानी अपनाउन जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले सबैमा अनुरोध समेत गरेको छ ।

## स्तन क्यान्सरका लक्षणहरू

- स्तन वा काखी मुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्र तर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

यस्ता कुनै पनि लक्षण देखिए तुरून्तै चिकित्सकसंग परामर्श गरौं

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## पत्रकारलाई व्यवसायीहरुको हकहितमा कलम चलाउन आग्रह

**पाल्पा,** पौष २२/ पाल्पा व्यापार संघले जिल्लाका पत्रकारलाई व्यवसायीहरुको हकहितमा कलम चलाउन आग्रह गरेको छ । सोमबार संघले कार्यालयमा नेपाल पत्रकार महासंघ पाल्पाका नवनिर्वाचित समितिलाई बधाई तथा परिचयात्मक कार्यक्रमको आयोजना गर्दै जिल्लाका उद्योगी व्यवसायीहरुको हकहितमा सशक्त ढंगले कलम चलाई दिन आग्रह गरेको हो ।

संघले पत्रकार र उद्योगी व्यवसायीहरुबिच नङ र मासुको जस्तै सम्बन्ध भएकाले व्यवसायीहरुको हितमा कलम चलाइदिनुपर्नेमा जोड दिएको छ । कार्यक्रममा संघका अध्यक्ष विष्णुबहादुर कार्कीले पछिल्लो समय जिल्लाका उद्योगी, व्यवसायीहरु पलायन हुने अवस्था आएकाले उनीहरुलाई रोक्ने दिशामा सशक्त ढंगले कलम चलाइदिन पत्रकारहरुलाई आग्रह गरे । उनले राजनीतिक गन्ध भन्दा माथि



उठेर व्यसायीलाई स्थापित गराउने विषयमा गम्भीर भएर आफ्ना कलम र आवाज बुलन्ध गरिदिनुपर्नेमा जोड दिए । अध्यक्ष कार्कीले भने,'पत्रकारहरु भनेका देशका चौथो अंग हुन्, तपाईहरु स्वाभिमानी हुनुहुन्छ, त्यसैले पनि यहाँहरुले लेखेका र बोलेका कुराहरुले व्यवसायीहरुको हित हुन्छ भन्ने हामीलाई लागेको छ ।' उनले व्यापार संघले छिट्टै महोत्सव आयोजना गर्न लागेकाले त्यसमा समेत सहयोग गरिदिन पत्रकारलाई आग्रह गरे ।

-बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

## सम्पादकीय

### लगानीकर्तामा विश्वास जगाउन आवश्यक

मुलुकको अर्थतन्त्रको विकास र मुलुकलाई आत्मनिर्भर बनाउने विषय जहिल्यै चर्चाको विषय बन्यो । राजनीतिक दलहरुले यी विषयलाई हरेक औपचारिक कार्यक्रम र भाषणमा मात्रै सीमित बनाए । मुलुकको आर्थिक विकासको स्पष्ट नीति समेत छैन । भएको नीति पनि कमजोर र अस्पष्ट भएकाले कार्यान्वयन पक्ष अत्यन्तै कमजोर छ । देशको अर्थतन्त्र कतिसम्म पराधीन छ भन्ने कुरा नूनदेखि सुनसम्म अन्य देशबाट आयात गर्नुपर्ने अवस्थाले प्रष्ट पार्दछ । यस्तो अवस्थामा स्वाधीन अर्थतन्त्रको विकास त्यति सहज देखिन्न । यहाँको अर्थतन्त्रको विकास हुने विभिन्न उद्योगधन्दा, जलविद्युत लगायत क्षेत्रमा निजीक्षेत्रको आकर्षण पनि छ । तर, राज्यले लगानीको वातावरण बनाउन सकेको छैन, लगानी कर्ताहरुले लगानी गर्न सकेका छैनन् । यहाँ लगानी गऱ्यो भने डुब्ने सम्भावना बढी छ । स्पष्ट रूपमा भन्दा राज्यका तर्फबाट निजीक्षेत्रलाई लगानी गर्ने वातावरण तयार बनाइएको छैन । त्यसैले साँच्चीकै नेपालको आर्थिक विकास र स्वाधीन अर्थतन्त्रको विकास गर्ने हो भने निजीक्षेत्रलाई राज्यले लगानीको वातावरण बनाइदिन सक्नुपर्छ । लगानी गरेपछि आफ्नो लगानी डुबोस् भनेर कसैले चाहँदैन । तर, यहाँ विभिन्न बहानावाजीमा लामो बन्दहडतालदेखि भौतिक पूर्वाधार ध्वस्त गर्नेसम्मका क्रियाकलाप समयसमयमा भएका छन् । यस्तो अवस्थामा लगानीकर्ताले कसरी लगानी गर्छ ? लगानीको सुरक्षासहित लगानीको वातावरण तयार पार्न सक्ने हो भने स्वदेशी र विदेशी लगानीकर्ता नेपालमा लगानी गर्न आतुर छन् । त्यसैले राज्यले लगानीको वातावरण तयार पार्न जरुरी छ ।

यहाँ न बाहिरबाट आएर लगानी कर्ताहरु लगानी गर्न सक्छन् नत स्वदेशका लगानी कर्ताले नै । अनि कहाँबाट देशमा समृद्धि र विकास हुन्छ ? यस विषयमा सरकार र राजनीतिक दलले अब समीक्षा गर्न ढिलाई गर्नु हुन्न । निर्वाचनका, बेला हरेक राजनीतिक दलका नेताहरूले चुनावी घोषणापत्रमा मुलुकलाई अन्य विकसित राष्ट्रहरूको दाँजोमा पुऱ्याउनेदेखि सर्वसाधारणको जीवनस्तर उच्च बनाउनेसम्मका ललिपप देखाएका हुन्छन् । नयाँ रोजगारी सिर्जना गर्ने र युवालाई विदेश जानु नपर्ने बनाउने जस्ता आकर्षक नारा पनि चुनावी घोषणापत्रमा समेटिन छुटेका छैन । अब चुनावी नारा हैन, स्वदेशमै लगानीको वातावरण सिर्जना गरेर रोजगारी र मुलुकको आर्थिक समृद्धि गर्ने कुरामा प्रतिवद्ध भएर लाग्न जरुरी छ ।

### Opinion @ Social Network

जीवन आफैमा एक सिकाइ हो, हामीले सिक्ने र जान्नु पर्ने थुप्रै छन् ।

*(विवेक खण्डकाको फेसबुक स्टाटसबाट https://www.facebook.com/vivek.khadka)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हाम्रा शासकहरूको अकर्मन्यता



## मणि शर्मा

सन् २०१५ मा चीन र भारतबीच कैलाश मानससरोवर जाने र व्यापार गर्ने सम्झौता भएको थियो । नेपालले यसको विरोध गरेपछि चीनले यसलाई थाती राखेको थियो । यसबीच चीन र इण्डियासँग गलवान र डोकलाम घटना पछि यो सम्झौता शिथिल भएको थियो । इण्डियाले लिपुलेक हुँदै चीन जाने मार्ग चीनसँग माग्दा चीनले आफूलाई त्यो क्षेत्र नेपालको हो भन्ने जान्दाजान्दै त्यो क्षेत्र नेपालको हो वा होइन प्रमाणसहित नेपालसँग मागेको थियो तर नेपालको सरकारले इण्डिया रिसाएर उसको सत्ता जान्छ कि भन्ने डरले चिनियाँले सोधेको प्रश्नको जवाफ दिएन । जब हाम्रै सरकार राष्ट्रको स्वतन्त्रता तथा सार्वभौमिकतामाथि घात गर्छ तब विदेशीले त आफ्नो स्वार्थ पूरा गर्न जे पनि गर्न सक्छ ।

चीन विशाल मुलुकमात्र होइन एउटा ठूलो व्यापारी पनि हो । व्यापारीले आफ्नै स्वार्थ हेर्छ । अहिले पुन: उक्त मार्ग सञ्चालन गर्न इण्डिया र चीनबीच सम्झौता भएपछि ओली सरकारले यसलाई समान्य कुरा हो भनेर निर्णय गर्छ । आफ्नो देशको भूमि छिमेकी देशले हडपेर वैदेशिक व्यापार मार्ग बनाउँदा बोल्न नसक्नेले के नेपालको स्वतन्त्रता तथा सार्वभौमसत्तालाई अक्षुण्ण राख्न सक्नेछन् ? त्यसैले हामीले राष्ट्रलाई बचाउन अब विभाजित हुनुहुँदैन । हाम्रो अहिलेको विवाद राजतन्त्र र गणतन्त्रको होइन । राष्ट्रको अस्मिता रक्षाका लागि पृथ्वीनारायण शाहको राष्ट्रिय एकीकरणको जगमा वैदिक साम्यवादी व्यवस्था अन्तर्गत राजसंस्थाको व्यवस्थापन हो । राष्ट्र पहिलो हुनुपर्छ राजतन्त्र वा गणतन्त्र होइन । इण्डिया अहिले चरम संकटमा परेको अवस्था छ । उसको भूमिकाले ऊ घरको न घाटको अवस्थामा पुगेको छ । ऊ अमेरिका र रुससँग दोहोरो नीति खेलिरहेको कुरा दुबै राष्ट्रले बुझिसकेका छन् । बल्लबल्ल रुसले इण्डिया र चीनबीच गलवान क्षेत्रमा शान्ति स्थापना गराइदिएर उनीहरूको चिरशत्रुतामा केही मलम लगाउने काम गरेको छ । इण्डियाको मणिपुर लगायतका क्षेत्रमा चरम विद्रोह, सेनामाथि ड्रोनलगायतले आक्रमण, खालिस्तान विद्रोह सल्किनु, बंगलादेशसँग शत्रुता चरम बिन्दुतिर लाग्नु, पाकिस्तानसँग जन्मजात शत्रुता, कुकी विद्रोहीहरूलाई उत्तरपूर्वमा स्वतन्त्र राज्य खडा गर्न पश्चिमाहरूले दिइरहेको सहयोग, मिजोरामका मुख्यमन्त्री केही महिना अगाडि अमेरिका गएर उत्तरपूर्वमा स्वतन्त्र प्रशासन खडा गर्ने चेतावनी, इण्डियामा देखिएको मोदी सरकारविरुद्ध घेराबन्दी र चरम गरिबीले इण्डियाको मोदी सरकार घेराबन्दीमा परेको छ ।

यी सबैबाट उन्मुक्ति पाउन अब उसलाई रुस र चीनको आवश्यकता महसुस भएको छ । एकातिर मिडिया र सर्वसाधारणबीच इण्डियाले चीनविरुद्ध मिडियाबाट आक्रमण गर्न छोड्दैन अर्कोतिर ऊसँग अर्बौंको आयात गर्न पनि छोड्दैन । इण्डियाको सदैव दोहोरो चरित्र रहिरहनेछ र यही दोहोरो चरित्रको जालमा ऊ एकदिन फस्नेछ । आव २०२३/०२४ मा इण्डिया र चीनबीच ११८. ३ डलरको दुईतर्फ व्यापार भएको छ । जसमा इण्डियाले चीनबाट १०१. ७ अर्ब डलरको आयात गरेको छ भने चीनमा १६. ६७ अर्ब डलरको निर्यात गरेको छ । चीन र इण्डिया दुबैलाई चीनसँग व्यापार गर्न छोटो र सरल मार्ग चाहिएको थियो । त्यसलाई हाम्रो लिपुलेकले पूरा गऱ्यो तर अहिले चीनले उइघुर मुस्लिम बहुल प्रान्तमा दुईवटा थप काउन्टीको घोषणा गरेको छ । यी दुई काउन्टीमा चीनले इण्डियाको लद्दाखको केही भू-भागसमेत जोडेको छ । इण्डियन सञ्चारमाध्यमले गत डिसेम्बरमा चीनको सरकारी सञ्चारमाध्यममा आएको सिन्हुवाको यो कुरा पुष्टि गरेको छ । इण्डियन विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले यसको कडा विरोध गर्दै भनेका छन्, 'हामीले होटान प्रिफेक्चरको अधिनको दुईवटा नयाँ काउन्टी निर्माणको घोषणा देखेका छौं । तथाकथित यी काउन्टीहरूको केही भाग इण्डियाको केन्द्रशासित अञ्चल लद्दाखभित्र परेको छ । हामी कहिल्यै पनि यस क्षेत्रमा चीनको दक्खलको दाबी स्वीकार गर्दैनौं । चीनको अवैध तथा बलपूर्वक कब्जालाई इण्डियाले मान्यता दिनेछैन । हामीले चिनियाँ पक्षसँग कूटनीतिक च्यानलको माध्यमबाट कडा प्रतिवाद जनाएका छौं ।'

चीनले उसको सानो भू-भाग कब्जा गर्दा इण्डिया यति ठूलो प्रतिवाद गर्छ तर हाम्रो लिपुलेकको त्यति ठूलो भू-भाग कब्जा गरेर हाम्रो हो भन्न इण्डियालाई लाज लाग्दैन ? नेपाली कांग्रेसका तत्कालीन सभापति मातृकाप्रसाद कोइराला प्रधानमन्त्री हुँदा नेपालको उत्तरी सीमामा इण्डियालाई १८ वटा चेकपोष्ट राख्न दिएर इण्डियन सेना नेपाल भित्र्याइका थिए । जसमध्ये १७ वटा कीर्तिनिधि विष्ट प्रधानमन्त्री हुँदा २०२८ सालतिर राजा महेन्द्रले इण्डियामा तिनीहरूलाई फिर्ता पठाउन लगाए । तर, इण्डियाले केही समयका लागि भनेर लिएको कालापानी, लिम्पियाधुरा र लिपुलेकबाट आफ्ना सेना हटाउन मानेन् । त्यसपछि राजा महेन्द्रले त्यस क्षेत्र नेपालको हो भनेर चीनसँग सम्झौता गरेका थिए ।

चीनलाई ती क्षेत्र नेपालको हो भन्ने थाहा हुँदाहुँदै नेपालसँग प्रमाण माग्नु कुनै औचित्य थिएन र चीनलाई थाहा छ नेपालमा अहिले राजतन्त्र छैन । देशभक्त शक्ति नभएको बेला यहाँका शासकवर्ग कमजोर छन् भन्ने थाहा पाएरै उसले ती क्षेत्र आफ्नो हो भन्ने दाबीसहितको प्रमाण मागेको थियो । उसले जे सोचेको थियो, यहाँका शासकवर्ग त्यस्तै निस्के । नेपालमा अमेरिकाको प्रबल उपस्थिति र दलाई लामा समर्थकहरूको बिगबिगीले चीन तर्सिएको हो । झन् एमसिसी सम्झौता गर्ने यहाँका शासक तथा राजनीतिक दलहरूका चरित्र हेरेर उसले आफूमाथि खतरा महसुस गऱ्यो ।

त्यसपछि एसपिपी जस्तो झन् खतरनाक सम्झौता गर्न नेपाल अगाडि सरेकाले ऊ झन् तर्सियो । त्यो असफल भयो तर यस्ता प्रयास गरिरहने नेपालका शासकवर्गलाई देखेर चीन झस्क्यो र लिपुलेक चीन मार्गको समझौता गऱ्यो । यहाँका शासकवर्गको कमजोरीको फल नेपाली जनता र नेपालको स्वतन्त्रता तथा सार्वभौमसत्तामाथि आँच आउने गरी चीनले जुन सम्झौता इण्डियासँग गऱ्यो त्यो दु:खद् मात्र नभएर भत्सनायोग्य छ । चीन र रुस साम्राज्यवाद विरोधी राष्ट्र हुन्, यस कारण हाम्रो मित्र पनि हो । चीनले यसअघि हाम्रो अस्मितामा आँच आउने कुनै काम गरेको थिएन न त २०६२/०६३ अगाडि नेपालको राजनीतिमा हस्तक्षेप नै गरेको थियो । अहिले आएर यहाँको शासकवर्गको आफ्नै कमजोरीका कारण उसले यो सम्झौता गरेको हुनुपर्छ तर हामी राष्ट्रप्रेमी नेपालीहरूले चीनको यो सम्झौताको विरोध गर्नुपर्छ । इण्डियाको सम्बन्ध त्यसै पनि छिमेकीहरूसँग राम्रो छैन तर चीन हाम्रो शत्रुराष्ट्र होइन । चीनले हाम्रो मुलुकको अस्मितामाथि गरेको खेलबाडलाई तुरुन्तै सच्याएर आफ्नो मित्रताको उदाहरण दिनुपर्छ । कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालकै हुन् भन्ने प्रमाण ऊसँगै छ । क्रिपया पल्टाएर हेरोस् । चीनले राष्ट्रप्रेमी नेपाली जनताको भावनामाथि खेलबाड गर्नु हुँदैन । चीनले यो कुरा अवश्य बुझेकै छ । दलाई लामालाई आश्रय दिएर इण्डियाले नेपाल र इण्डिया अधिकृत अरुणाचलमा चीनविरुद्ध लागिरहेकै छ ।

पञ्चेन लामालाई नेपाल आउनबाट रोक्ने इण्डिया नै हो भन्ने उसलाई थाहा छैन भन्न मिल्दैन । इण्डिया ब्रिक्समा छ भन्दैमा ऊ चीनको मित्र हुनै सक्दैन । बंगलादेशमा पाकिस्तानबाट दुईवटा मालबाहक जहाज चट्टगाउँ बन्दरगाहमा आउँदा उसको सातोपुत्लो उडेर पाकिस्तानले हतियार पठायो भनेर हल्ला पिटेको छ । झन बंगलादेश र पाकिस्तानबीच आणविक हतियार किन्ने सहमतिमात्र भएको छैन थप आणविक हतियारसम्बन्धी प्रविधि पनि पाकिस्तानले दिने कुराकानी भइरहेको छ । शेख मुजिबुर्र रहमानलाई राष्ट्रपिता नमानेर पाकिस्तानका राष्ट्रपिता मोहम्मद अलि जिन्नालाई बंगलादेशको राष्ट्रपिता मान्ने आवाज उठिरहेको अवस्था छ । यदि इस्लामिक जमायत दल सत्तामा आयो भने जिन्नालाई राष्ट्रपिता मान्ने आवाज सत्यमा परिणत हुन बेर छैन । आणविक रूपमा इण्डियाभन्दा पनि सशक्त पाकिस्तान छँदै छ । त्यसमाथि अर्को छेउमा अर्को पाकिस्तान खडा भएमा इण्डियाको रातिको निद्रा पनि गायब हुनेछ । अर्कोतर्फ उत्तरपूर्वी इण्डियामा स्वतन्त्र खिस्टान राज्य स्थापना हुने पनि प्रबल सम्भावना छ । इण्डियाको नाकैमुनि अर्को इजरायलको स्थापना हुनु इण्डियाको विभाजनका लागि एउटा ठूलो संकेत हो । इण्डिया शान्तिसँग बस्न पाउने छैन । त्यसैले अहिले ऊ चीनको शरणमा परेको छ । उसको दोहोरो चरित्रका कारण ऊ पूर्णरूपेण रुसको हुन सकेको छ न अमेरिकाको । अमेरिकाले इण्डियालाई अस्थिर रहन दिनेछैन ।

चुच्चे नक्सा र सयको नोटमा चुच्चे नक्सा छाप्दैमा राष्ट्रवादी हुँदै भइँदैन । यो मौसमी राष्ट्रवाद हो । यो मौसमी राष्ट्रवादले देशको रक्षा हुँदैन । चुच्चे नक्सा थपेको यतिका वर्ष हुँदा पनि त्यो क्षेत्र फिर्ता लिन किन नेपालका शासकवर्ग इण्डियासँग पहल गर्दैनन् ? किन अहिलेसम्म त्यो क्षेत्र इण्डियाबाट फिर्ता लिन सकेको छैन ? के सत्ता जाने डरले ? नेपालमा एक डेढ वर्षभन्दा बढी समय इण्डियाले कस्को सत्ता टिक्न दिएको छ र उसको गुलामी गर्छन् यी शासकवर्गले ? यी शासकवर्गले अरू पश्चिमी संस्थाहरूसँग लिएको ऋणले नेपाल टाट पल्टेको देशमा परिणत हुन बेर छैन तर अमेरिकी र इण्डियाको झण्डामुनि बिआरआईको विरोध गर्ने शासकवर्ग यहाँ कम छैनन् ।

अहिले भूराजनीतिको बाध्यताले बिआरआई सम्झौता गरे तापनि यसको विरोध गर्न छाडेका छैनन् । परराष्ट्रमन्त्री आरजु देउवा इण्डिया गएर यो सम्झौता नगरे वामपन्थी सरकार बन्ने थियो भन्दै बिआरआईमा अनुदानमात्र लिने ऋण नलिने भनेर स्पष्टीकरण दिन्छिन् । बिआरआई सम्झौताले नेपाल चीनको ऋणको भारीबाट उठ्नै सक्दैन भन्ने गरेका छन् । जबकि नेपालमा चीनको ऋण कूल ऋणको ३ प्रतिशत पनि छैन । ८५ प्रतिशत अनुदान र १५ प्रतिशत २ प्रतिशत दरको ब्याजको ऋणलाई ऋणको भारी भन्छन् तर यी नेताहरूको रिस चीनले नेपाल र नेपालीहरू माथि नपोख्नुपर्ने हो । यो मित्रघात हो । आफू ठूलो छु भन्दैमा आफ्नो छिमेकी सानो मित्रराष्ट्रमाथि चीनले घात गर्न हुँदैन । चीनप्रति नेपाली जनताको सहानुभूति र समर्थन छ तर हाम्रो राष्ट्रको अखण्डतामाथिको आक्रमणलाई कुनै पनि देशभक्त नेपालीले सहन सक्दैनन् । नेपालीको भावनाको कदर चीनले गर्नुपर्छ । भूराजनीतिक रूपमा नेपाल विश्वकै महत्वपूर्ण राष्ट्रमा पर्छ, यसलाई चीनले बिर्सनु हुँदैन । ट्रम्पको आगमनले चीनमाथि खतरा झन मौलाएर जानेछ । हामीलाई विश्वास छ चीनले गरेको मित्रघातलाई सच्याउनेछ र नेपाली देशभक्त जनता चीनको यो सम्झौताको विरोधमा एकजुट भएर आवाज उठाउनुपर्छ ।

**-इहिमालय टाइम्स डटकम**

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पराक्रममा वृद्धि हुनेछ। भगवान सूर्यलाई अर्घ्य दिएर दिनको प्रारम्भ गर्नुहोस्। | **तुला** : इच्छा अनुसारको परिकार मिल्नेछ। आफन्तको सहयोगले लाभ मिल्नेछ। |
| **वृष** : आफन्तहरूको साथ सहयोग मिल्नेछ।कार्यक्षेत्रबाट मानसम्मान मिल्नेछ। | **वृश्चिक** : नयाँ काम सुरु गर्ने समय छ । भाग्यले विभिन्न अवसर जुराउनेछ । |
| **मिथुन** : एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । | **धनु** : मित्रबाट विशेष सहयोग मिल्नेछ। लाभदायक यात्रा पनि होला । |
| **कर्कट** : आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला । | **मकर** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। प्रेम सम्बन्ध कसिलो हुनेछ। |
| **सिंह** : रोकिएका अधुरा काम पुन: सुचारु भइ आम्दानी प्राप्त हुनेछ । | **कुम्भ** : घरमा अतिथिको आगमन हुनेछ। संगीतमा रुचि पनि बढ्नेछ । |
| **कन्या** : आज नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । | **मीन** : आज स्वास्थ्यमा खर्च बढ्नेछ । यात्रामा मालसामान हराउन सक्छ । |

## विज्ञान/सूचना प्रविधि

# क्वान्टम कम्प्युटरको युग शुरु हुने आंकलन

'श्रोडिङ्गर्स क्याट' विचारको प्रयोगबाट नाम राखिएको 'क्याट क्युबिट' नामक आविष्कारको कारणले आगामी सन् २०३० सम्ममा फल्ट-टोलेरन्ट अर्थात् 'गल्ती सहन सक्ने' क्वान्टम कम्प्युटर सम्भव हुन सक्ने देखिएको छ । श्रोडिङ्गर्स क्याट विचारमा एउटा बिरालो रेडियोएक्टिभ कणसँगको बाकसमा बन्द गरेमा जबसम्म बाकस खोलिँदैन तबसम्म यो 'मरेको' र 'ज्यूँदै' दुवैको बीच अवस्थामा सुपरपोजिशनमा रहन्छ ।



पेरिसस्थित क्वान्टम प्रविधि कम्पनी एलिस एण्ड बबका अनुसन्धानकर्ताहरूले यस महिनाको सुरूमा प्रकाशित ह्वाइट पेपरमार्फत आफ्नो रोडम्याप सार्वजनिक गरेका छन् ।

**नयाँ क्वान्टम युग :** वैज्ञानिकहरूले १०० तार्किक क्युबिट समेट्न सक्षम क्वान्टम प्रोसेसिङ युनिट क्यूपीयू निर्माण गरेपछि यो नयाँ 'क्वान्टम युग' सुरु हुने लाइभसाइन्सले उल्लेख गरेको छ । तार्किक क्युबिट भनेका शारीरिक क्युबिटहरूको समूह हुन् जसले समूहभित्रको कुनै एक क्युबिट असफल हुँदा पनि गणनाहरू जारी रहन सकून् भन्ने उद्देश्यले समान जानकारी साझा गर्छन्। क्युबिटहरू स्वाभाविक रूपमा त्रुटिपूर्ण हुन्छन्–१,००० मा १ पटक असफल हुन्छन् (जबकि परम्परागत बिटहरू १ ट्रिलियनमा १ पटक मात्र असफल हुन्छन्) । यस कारण क्वान्टम गणनाहरूमा प्राय: बाधा अवरोध सिर्जना हुन्छ ।

**क्याट क्युबिटको सफलता :** वैज्ञानिकहरूले यस रोडम्यापको पहिलो चरण सफलतापूर्वक सम्पन्न गर्दै क्याट क्युबिट विकास गरिसकेका छन् । यसको नामको अर्थजस्तै क्याट क्युबिट पनि एकै समयमा दुई क्वान्टम अवस्थाको डबल सुपरपोजिशनमा रहन्छ । परम्परागत क्युबिटहरू भने एकल सुपरपोजिशनमा मात्र रहन्छन्, जहाँ ती ० र १ दुवैको रूपमा अवस्थित हुन्छन् । क्याट क्युबिटको मुख्य फाइदा क्युबिटहरूको संख्या बढाउँदै गर्दा ० ले १ मा वा १ ले ० मा रूपान्तरण गर्ने 'बिट-फिल्प' त्रुटिहरू उल्लेखनीय रूपमा घट्छ । अन्य प्रकारका त्रुटिहरू सामान्य हुने भए पनि यो सम्झौता अन्तत: फाइदाजनक ठहरिन्छ ।

**क्याट क्युबिट र डिकोहेरेन्स प्रतिरोध :** क्याट क्युबिटहरूको महत्वपूर्ण विशेषता भनेको तिनीहरू डिकोहेरेन्सको प्रतिरोधी हुनु हो । बाह्य वातावरणबाट हुने हस्तक्षेपले क्युबिटहरूले आफ्नो क्वान्टम गुण र उपयोगी जानकारी गुमाउँछन् तर क्याट क्युबिटले यस्तो समस्या सामना गर्दैन ।

**सन् २०३० सम्म उपयोगी क्वान्टम कम्प्युटिङको लक्ष्य :** एलिस एण्ड बबका वैज्ञानिकहरूले सन् २०३० सम्म उपयोगी क्वान्टम कम्प्युटिङ हासिल गर्न चार थप माइलस्टोनहरू पहिचान गरेका छन्, जसमा यी चरणहरू समावेश छन्:

१. त्रुटि सुधार गर्न सक्षम तार्किक क्युबिट निर्माण ।

२. पहिलो त्रुटि-सुधार गर्ने तार्किक गेट (क्वान्टम सर्किट) सिर्जना ।

३. तार्किक गेटहरूको एक सार्वभौमिक सेटको निर्माण ।

४. वास्तविक-समयमा त्रुटि सुधार (रियल-टाइम एरर करेक्शन)। यी सबै चरण पूरा भएपछि १०० उच्च-गुणस्तरीय तार्किक क्युबिट समेट्न सक्षम प्रोसेसर निर्माण गरे पनि यो प्रविधि व्यावसायिक रुपमा उपलब्ध हुन्छ नै भन्ने हुँदैन । ***-टेक्नोलोजी खबर***

# किन 'डम्ब फोन' खोज्दैछन् मान्छेहरू ?

यो स्मार्टफोनको जमाना हो । तर पनि केही मानिसहरू किन डम्बफोन अर्थात् फिचर फोनतिर फर्किरहेका छन् ।




**डिजिटल संसारबाट भाग्ने चाहना मात्रै हो कि यसका अन्य कारणहरू छन् ?**

विगत केही वर्षयता स्मार्टफोनको प्रयोग व्यापक बढेको छ । तर यति हुँदाहुँदै पनि फिचर फोनको लोकप्रियता पनि बढेको छ ।

**यसको माग बढ्नुको कारण के होला ?**

डिजिटल डिटक्सको बढ्दो प्रवृत्ति हिजो आज सामाजिक सञ्जाल र स्मार्टफोनको अत्याधिक प्रयोगले मानिसहरूले मानसिक थकान र तनावको सामना गरिरहेका छन् । यस्तो अवस्थामा डिजिटल डिटक्सको आवश्यकता बढेको छ । डम्बफोन फोन उठाउन र सन्देश पठाउनका लागि मात्र हुन् । यसमा न त केही एपहरू हुन्छन् न सामाजिक सञ्जाल नै चल्छन् । डिजिटल संसारबाट आफूलाई आराम दिन र वास्तविक जीवनमा ध्यान केन्द्रित गर्र्न यी फोन उत्कृष्ट माध्यम बनेका छन् । कुनै समय डम्बफोनहरू फोन गर्न र एसएमएस पठाउन मात्रै भनेर डिजाइन गरिएको थियो । आजकलका स्मार्टफोनमा अनगिन्ती सुविधाहरू, एप्स र मल्टिमिडिया आदि छन् । यस्तोमा केही मानिसहरूले सरलतालाई प्राथमिकता दिइरहेका छन् । फिचर फोनहरूमा गुगल, इन्स्टाग्राम वा फेसबुक जस्ता समस्याहरू छैनन् । महत्त्वपूर्ण कामहरू गर्दा पनि मानिसहरू स्मार्टफोन चलाउन छाड्छन् ।

**गोपनीयता सम्बन्धी चिन्ता :** स्मार्टफोनमा सुरक्षासम्बन्धी कमजोरी र डेटा चोरी हुने खतरा हुन्छन् । यस्तोमा मानिसहरू आृनो गोपनीयताबारे चिन्तित पनि भइरहन्छन् । डम्बफोनले सामान्यतया स्मार्टफोनको तुलनामा कम सुरक्षा जोखिमहरू निम्त्याउँछ । यसमा स्मार्टफोनमा जस्तो कुनै जटिल अपरेटिङ सिस्टम हुन्न् । जसले गर्दा यसमा भएका डेटा ह्याक गर्न गाह्रो हुन्छ । गोपनीयताबारे सचेत व्यक्तिहरूले डम्बफोनलाई सुरक्षित विकल्पको रूपमा हेरिरहेका छन् ।

**टिकाउ :** डम्बफोनको अर्को विशेषता यहीं हो कि यिनीहरू स्मार्टफोन भन्दा धेरै टिकाउ हुन्छन् । यी फोनहरूको डिजाइन यसरी गरिएको छ कि खस्दा वा बाहिरी दबाब पर्दा पनि सहन सक्छन् । यसबाहेक, यिनीहरूको ब्याट्री लाइफ पनि धेरै लामो हुन्छ । स्मार्टफोनको तुलनामा, एउटा डम्बफोनमा एक पटक पूरा चार्ज गरेपछि कम्तिमा चार-पाँच दिनको ब्याट्री ब्याकअप हुन्छ ।

**सस्तो मूल्य :** डम्बफोनको सबैभन्दा राम्रो विशेषता भनेको सस्तो मूल्य हो । स्मार्टफोनको मूल्य हजारौंमा हुन्छ । तर फिचर फोनहरू एक दुई हजारमै आउँछन् । तपाईं फोन गर्न अनि उठाउन र एसएमएसको लागि मात्र फोन राख्न चाहनुहुन्छ भने डम्बफोन तपाईंको लागि उपयुक्त हुनसक्छ । यसको मूल्य धेरै कम हुन्छ, र बजेट अनुसार तिनीहरू बढी किफायती पनि हुन्छन् ।

**सबैको लागि काम लाग्ला त डम्बफोन ?** डम्बफोन चलाउनुका अनगिन्ती फाइदाहरू छन् । तर यी फोन सबैका लागि उपयुक्त नहुन पनि सक्छन् । तपाईं सामाजिक सञ्जाल धेरै नै चलाउनुहुन्छ वा तपाईलाई स्मार्टफोनका एड्भान्स सुविधाहरू चाहिन्छ भने चाँहि डम्बफोन तपाईका लागि होइनन् । तर तपाईं फोन गर्न र म्यासेज पठाउनका लागि मात्रै एउटा साधारण फोन चाहानुहुन्छ भने तपाई पनि डम्बफोन किन्नुहोस् ।

***-रातोपाटी डटकम***

# हाम्रो दृष्टिकोणमा इन्टरनेटको प्रभाव



सामाजिक सञ्जाल तथा इन्टरनेटमा हामीले जुन तस्वीरहरू देख्छौं त्यसले बाहिरी दुनियाँलाई हेर्ने हाम्रो दृष्टिकोणमा व्यापक असर पार्दछ । हामी हरेक दिन डिजिटल तस्वीरहरुबाट घेरिएका हुन्छौं । ती तस्वीरहरू हाम्रो सोसल मिडिया फीड, इन्टरनेटमा हाम्रो सर्च रिजल्ट तथा हामीले ब्राउज गरेका वेबसाइटमा देखिएका हुन्छन् । यसका अलावा हामीले मेसेजिङ एप तथा इमेलका माध्यमबाट पनि तस्वीरहरू पनि प्राप्त गर्दछौं । हरेक दिन अर्बौं तस्वीरहरू इन्टरनेटमा अपलोड तथा शेयर गरिएका हुन्छन् । एक रिपोर्ट अनुसार इन्टरनेटमा एक जना प्रयोगकर्ताले औसतमा दैनिक ६ घण्टा ४० मिनेट बिताउँछ ।हालैको एक शोधले इन्टरनेटमा हामीले देख्ने तस्वीरहरुले हाम्रो धारणमा पनि असर पार्ने देखाएको छ । हालै प्रकाशित उक्त शोध अनुसार गुगल, विकिपिडिया तथा इन्टरनेट मूभि डेटाबेसमा रहेका तस्वीरहरुको विश्लेषण गरिएको छ । उक्त अध्ययनमा मानिसहरुले इन्टरनेटमा किसान, सिइओ तथा टेलिभिजन रिपोर्टर जस्ता पेसाका बारेमा सर्च गर्दाखेरी उनीहरुलाई कुन लिंगका तस्वीर धेरै प्राप्त हुन्छन् भन्ने कुरामा विशेष ध्यान दिइएको थियो । त्यसको नतिजा आश्चर्यजनक रह्यो । इन्टरनेट सर्चबाट प्राप्त हुने ती तस्वीरहरुमा महिलाहरुको प्रतिनिधित्व निकै कम थियो । तथापि लैंगिकता प्रतिको रुढीवादी सोंच सशक्त रुपमा देखिइरहेको थियो । प्लम्बर, डेभलपर, इन्भेस्टमेन्ट बैंकर तथा फदय शल्यचिकित्सक जस्ता पेशाहरुमा पुरुषका तस्वीर धेरै देखिएका थिए । त्यस्तै हाउस किपर, नर्स, चियरलिडर, बेली डान्सर जस्ता पेसाहरुमा चाहिं महिलाका तस्वीर देखिए । यतिसम्म त यो नतिजा निकै स्वभाविक थियो र त्यसमा अचम्म लाग्दो कुनै कुरा थिएन ।

> *एक रिपोर्ट अनुसार इन्टरनेटमा एक जना प्रयोगकर्ताले औसतमा दैनिक ६ घण्टा ४० मिनेट बिताउँछ ।हालैको एक शोधले इन्टरनेटमा हामीले देख्ने तस्वीरहरुले हाम्रो धारणमा पनि असर पार्ने देखाएको छ ।*

**तस्वीर हेर्दा कस्तो प्रभाव पर्दछ ?** एक अर्को अध्ययनमा शोधकर्ताहरुले अनलाइनमा देखिने तस्वीरमा लैंगिक पूर्वाग्रहको अलावा ती तस्वीर हेर्दा मानिसहरुको आफ्नो पूर्वाग्रहमा कस्तो असर पर्दछ भन्ने कुराको जान्ने प्रयास गरियो । उक्त शोधमा ४ सय २३ जना अमेरिकीहरुलाई दुई समूहमा विभाजन गरियो । उनीहरुले फरक फरक जागिर खोज्नका लागि गुगलको प्रयोग गरे । एउटा समूहले गुगल न्यूजको प्रयोग गरे भने दोस्रो समूहले गुगल इमेजको प्रयोग गरे । त्यसपछि सबै सहभागीलाई उनीहरुको पूर्वाग्रहको आँकलन गर्नका लागि एउटा जाँच दिन भनियो । जो मानसिहरुले गुगल इमेजको प्रयोग गरेर तस्वीरको खोजी गरे उनीहरुमा गुगल तथा गुगल न्यूजको प्रयोग गर्नेको तुलनामा धेरै पूर्वाग्रह देखियो ।

शोधकर्ताहरुका अनुसार इन्टरनेटमा तस्वीरहरुको लोकप्रियता बढ्नाले समाजलाई हानी पुग्न सक्दछ । **उनीहरु भन्छन् :** हामीले प्राप्त गरेका नतिजाहरु निकै चिन्ताजनक छन् किनकि इन्टाग्राम, स्नापच्याट तथा टिकटक जस्ता फोटोमा आधारित सोसल मिडिया प्लाटफर्महरुको लोकप्रियता निकै बढिरहेको छ । जहाँ ठूलो परिमाणमा तस्वीरहरु अपलोड, तयार तथा शेयर गरिन्छन् । सोही प्रकारले गुगल जस्ता लोकप्रिय सर्च इन्जिनहरुले पनि तस्वीरहरुको प्रयोग धेरैभन्दा धेरै गर्न थालेका छन् । उदाहरणका रुपमा जब तपाईंले गुगल सर्चमा केही खोज्नुहुन्छ त्यसक्रममा प्राय: लेख्य सामग्रीसँगै तस्वीरहरु पनि देख्न सकिन्छ ।

**एआई पनि पूर्वाग्रहको सिकार :** अनलाइनमा पहिलेदेखि नै सेयर भइरहेका तस्वीरहरू कस्तो प्रकारबाट एआई मोडलमा प्रयोग भइरहेका छन् भन्ने विषय पनि समस्याको रुपमा रहेको छ । हालै यस बारेमा अध्ययन गर्ने क्रममा च्याट जिपिटीलाई फरक फरक जागिरका दर्जनौं तस्वीरहरू तयार पार्न लगाइएको थियो । त्यसमा डाक्टर, वकिल, वैज्ञानिक, कमेडियन, कवि, शिक्षक, पोषणविज्ञ, सीईओ तथा विशेषज्ञ जस्ता पेसाहरु सामेल थिए। त्यसक्रममा नर्स तथा हाउसकिपर जस्ता दुई वा तीनवटा नतिजाहरुलाई छाडेर हरेक पेसामा पुरुषका तस्वीर देखिएका थिए । त्यसमा पनि अधिकांश ठाउँमा ३० वर्ष आसपासको एउटा गोरो पातलो पुरुषको तस्वीर देखिएको थियो। त्यसपछि च्याट जेपीटीसँग अन्य विभिन्न प्रकारका मानिसका तस्वीरहरू बनाउन लगाउँदा कुनै बुद्धिमान व्यक्ति, एउटा सफल व्यक्ति वा कुनै खास शो हेर्ने व्यक्तिको रुपमा समेत हरेकचोटि चम्किलो कपाल भएको एउटा गोरो पुरुष मात्रै देखाप्र्यो । आखिर यस्तो किन हुन्छ ? वास्तवमा च्याट जिपिटी जस्ता एआई मोडेलहरूले इन्टरनेटमा पहिलेदेखि नै रहेका तस्वीरहरूको मद्दतले नतिजा तयार पार्दछन् । यसका साथै एउटा यस्तो चक्रको सुरुआत हुन्छ जसलाई तोड्न कठिन हुन्छ। एआई मोडेलले जति धेरै पक्षपात वा विभेदयुक्त तस्वीर देखाउँछ त्यसलाई हामीले त्यत्ति नै धेरै मात्रामा देख्नुपर्ने हुन्छ । अनि हामी त्यो तस्वीरलाई जति धेरै हेर्दछौं हामी उति नै धेरै पक्षपाती बन्दछौं। त्यसैगरी हामी जति धेरै पक्षपाती अर्थात् विभेदयुक्त बन्दै जान्छौं हामीलाई उति नै धेरै थप त्यस्ता विभेदयुक्त तस्वीर देखाइन्छ। फलत: हामीले त्यस्ता पक्षपाती तस्वीर बनाउने तथा अपलोड गर्ने क्रम पनि उत्ति नै धेरै बढ्दछ।

**त्यसो भए यो समस्याको समाधान के हो त ?**

आखिर यो समस्याको समाधानका लागि के गर्न सकिन्छरु यसमा सबैभन्दा धेरै जिम्मेवारी प्रविधि तथा एआई कम्पनीहरूको रहेको छ । तथापि यी कम्पनीहरूको उद्देश्य राम्रो हुँदाहुँदै पनि यो समस्याको समाधान भएको देखिएको छैन । उदाहरणका लागि नश्लीय, लैङ्गिक वा अन्य पूर्वाग्रहहरूको समस्या समाधान गर्ने प्रयासमा गुगलको एआई टूल जेमिनी कहिलेकाहीं आवश्यकताभन्दा अधिक सुधारक बन्ने क्रममा चिप्लिएको पाइएको छ । जेमिनीलाई संयुक्त राज्य अमेरिकाको संस्थापक पिता को एउटा तस्वीर तयार पार्न लगाउँदा उसले एकजना काला जातिका व्यक्तिको तस्वीर बनायो । जुन वास्तवमा यथार्थ होइन । त्यस्तै जेमिनीले दोस्रो विश्वयुद्धमा जर्मन सैनिकको तस्वीर बनाउने क्रममा एकजना काला जातिका व्यक्ति र एकजना एसियाली मूलकी महिलालाई देखायो । जुन पनि तथ्यगत रुपमा गलत हो। वास्तवमा हामीले अनलाइनको संसारमा जे कुरा देख्छौं त्यसको नियन्त्रण आफ्नो हातमा लिनुपर्ने हुन्छ । हामीले प्राय यो कुरालाई नजरअन्दाज गर्दछौं कि हामीले केही हदसम्म आफ्नो सोसल मिडिया फीडलाई नियन्त्रण गर्न सक्दछौं । यसका लागि हामीले सोसल मिडियामा फरक-फरक पृष्ठभूमिका मानिसहरू वा फोटोग्राफरहरूलाई फलो गर्न सक्दछौं। साथै एआई च्याटबट वा सर्च इन्जिनमा जिज्ञासा राख्ने क्रममा आफ्ना प्रश्नलाई फरक ढंगबाट राखेर पनि सर्च रिजल्टलाई परिवर्तन गर्न सकिन्छ । स्क्रिन टाइमाथि नियन्त्रणयसको सबैभन्दा शानदार तरिका आफ्नो समयलाई नियन्त्रण गर्नु हो । कला उद्यमी मरिन टेङ्गुईको किताब द भिजुअल डिटक्स: हाउ टू कन्ज्यूम मिडिया विदाउट लेटिङ इट कन्जुम यु मा उल्लेखित डिजिटल डिटक्स प्लानमा पनि केही राम्रा कुराहरु गरिएको छ। जसरी जस्तो कि हामीले आफ्नो स्क्रिन टाइम आफैले नियन्त्रण गर्न सक्दछौं । यसका लागि हामी त्यस्ता एपहरुलाई फोनबाट हटाउन सक्छौं जसको खासै धेरै प्रयोग हामीले गरिरहेका हुँदैनौं । त्यस्तै हरेक दिन केही घण्टा कुनै पनि डिजिटल ग्याजेट बिनै खुल्ला वातावरणमा टहलिएर वा कुनै जमघट र भेटघाटमा तथा पुस्तक पढेर वा खेल खेलेर समय बिताउन सक्छौं । आफ्नो फोनमा कुन एप कति समयसम्म चलाउने भनेर समयसीमा निर्धारण गर्न पनि सकिन्छ । त्यसो गरेपछि निश्चित समय चलाएसँगै फोनमा समय सकिएको चेतावनी सन्देश आउँछ र यसले हामीलाई स्क्रिन टाइम घटाउन मद्दत गर्दछ । तथापि सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको हाम्रो जागरुकता नै हो । हामीले इन्टरनेटमा हरेक दिन त्यस्ता कति तस्बिर देख्छौं जसलाई जानीबुझिकन हाम्रै लागि बनाइएको हुन्छ र देखाइएको हुन्छ भन्ने कुराको हेक्का हामीले राखिरहेका हुँदैनौं । त्यस्ता कतिपय तस्वीरहरू हामीलाई कुनै चिज खरिद गर्न बाध्य पार्नका लागि समेत बनाइएको हुन्छ। तर दिनदिनै इन्टरनेटमा त्यस्ता तस्वीर हेर्ने क्रम झनै बढिरहेको छ ।

***-अनलाइन खबर डटकम***

# परम्परागत कृषि छोडेर कफी खेतीमा कृषक

**गुल्मी,** पुस २२/पछिल्लो समय जिल्लाका कृषक परम्परागत कृषि पेसा छोडेर कफीखेतीमा आकर्षित हुन थालेका छन् । मदाने गाउँपालिका-३ अन्तर्गत सिर्सेनीस्थित तोरेटाका कृषकहरू यतिबेला बारीमा मकै र कोदोखेती छोडेर कफीको व्यावसायिक उत्पादन गर्न थालेका हुन् ।

तीन वर्षअघि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले कृषकहरूलाई व्यावसायिक रूपमा कफीखेतीप्रति आकर्षित गराउन तालिकसहित कफीको उत्पादन र यसको महत्वबारे जानकारी दिनुका साथै कफीखेती गर्न चाहनेलाई अनुदान उपलब्ध गराएपछि कृषकले परम्परागत खेती छोडेर यसतर्फ आकर्षित भएका सिर्सेनीका कृषक मेघलाल अर्यालले बताए । मकै र कोदोजस्ता परम्परागत खेती गर्दै आएका कृषकलाई कफीखेती तुलनात्मक रूपमा सहज भएको उनको भनाइ छ । यहाँका किसानले 'तीनधारे कफी उत्पादन कृषक समूह' मार्फत खेती सुरु गरेका अर्यालले बताए । उनका अनुसार चार वर्षअघि गठन भएको उक्त संस्थामार्फत यहाँका प्रत्यक परिवारले व्यावसायिक रूपमा उत्पादन सुरु गरेका हुन् । यहाँका कृषकको बगैंचामा ५० देखि दुई हजारसम्म कफीका बोटहरू रहेका अर्यालले जानकारी दिए । चार वर्षअघि रोपेका बोटहरूले फल दिन सुरु गरेपछि कृषक पनि उत्साहित बनेका छन् । सिर्सेनीमा सबैभन्दा बढी कफीखेती गर्ने कृषकका रूपमा अर्याल चिनिन्छन् । दश रोपनी जग्गामा यतिबेला दुई हजार



बढी बोट रहेका कृषक अर्यालले जानकारी दिए । 'चाँडै हुर्किएका बोटहरूबाट कफी पाक्न थालेको छ । विगतमा मकै र कोदो रोप्दै आएका बारीहरू अहिले कफीले ढपक्क ढाकेको छ', उनले भने । उनले जस्तै व्यावसायिक कफीखेती सुरु गरेका शशीधर अर्यालले सुरुमा बिरुवा हुर्काउन समस्या भए पनि अहिले खेतीले आशा जगाएको बताए । जिल्लास्थित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाकी प्रमुख गंगाकुमारी पोखेलले व्यावसायिक कफीखेतीको विस्तारका लागि कार्यालयका तर्फबाट बिरुवा, मल, सिँचाइ, छहारीका लागि नेटजाली उपलब्ध गराइएको जानकारी दिइन् । परियोजनाले खेती सुरु गर्नुपूर्व गाउँमा 'कफी पाठशाला' सञ्चालन गरेर कृषकलाई व्यावसायिक र प्राविधिक ज्ञान दिएको उनले बताइन् । परियोजना प्रमुख पोखेलले जिल्लामा कफीखेतीमा कृषकहरूको आकर्षण बढे पनि समयसमयमा देखिने गवारो, ढुसी, डढुवालगायत संक्रमणले बोटमा क्षति पुऱ्याउने गरेको उल्लेख गरिन् । समयमा ती संक्रमणका कारण लाग्ने रोगको पहिचान गरी समाधान गर्न सकेमा जिल्लामा व्यावसायिक रूपमा कफीखेती गर्ने कृषकको संख्यामा थप हुँदै जाने जिल्ला समन्वय समितिका प्रमुख दोर्णबहादुर खत्रीले बताए । कफी उत्पतिको जननी मानिने गुल्मीमा अहिले दुई सय ४१ हेक्टरभन्दा बढी क्षेत्रफलमा कफीखेती गरिँदै आइएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ । जिल्लामा उत्पादन हुने कफी जापान, कोरियालगायत मुलुकमा निर्यात हुने गर्दछ । पछिल्लो समयमा ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कफी विकास केन्द्र आँपचौर, कफी अनुसन्धान केन्द्र भण्डारीडाँड ।लगायत स्थानीय तहले कृषकलाई व्यावसायिक कफीखेतीका लागि अनुदानका साथै प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ । **-रासस**

## खेलकुद समाचार

### दोस्रो टेस्ट क्रिकेटमा जिम्बावेको हार




**काठमाडौं,** पौष २२/दोस्रो टेस्ट क्रिकेटमा अफगानिस्तानले जिम्बावेलाई ७२ रनले हराएको छ । योसँगै अफगानिस्तानले दुई खेलको टेस्ट शृङ्खला १-० ले जितेको छ । पहिलो टेस्ट बराबरीमा सकिएको थियो ।

अफगानिस्तानले दिएको २ सय ७८ रनको लक्ष्य पछ्याएको घरेलु टोली जिम्बावे चौथो दिनको खेल शुरू भएको १५ बलमै २ सय ५ रनमा अलआउट भयो । जिम्बावेका कप्तान क्रेग इरभाइनले सबैभन्दा धेरै ५३ रन बनाए । अफगानिस्तानका राशिद खानले ७ विकेट लिए । अफगानिस्तानले दोस्रो पारीमा रहमत शाह र इस्मात आलमको शतकको मद्दतमा ३ सय ६३ रन बनाएको थियो । जिम्बावेका ब्लेसिङ्ग मुजरबानीले ६ विकेट लिए । यसअघि बुलावायोको क्वीन्स स्पोर्ट्स क्लबमा टस हारेर ब्याटिङको निम्तो पाएको अफगानिस्तान पहिलो पारीमा १ सय ५७ रनमा अलआउट भएको थियो । यस्तै जिम्बावेले पहिलो पारीमा २ सय ४३ रन बनाएको थियो ।

## अर्थ /कर्पोरेट समाचार

### ग्लोबल बैंकद्वारा सातवटै प्रदेशमा रक्तदान कार्यक्रम



**पाल्पा,** पौष २२/ग्लोबल आइएमई बैंक लिमिटेडले सातवटै प्रदेशमा वृहत रक्तदान कार्यक्रम गरेको छ । बैंकले आफ्नो १८ औं वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रमको आयोजना गरेको हो ।

वार्षिकोत्सवको अवसरमा बैंकले मुलुकका सातवटै प्रदेशमा एकैसाथ रक्तदान कार्यक्रमका साथ-साथै नि:शुल्क आँखा जाँच, रक्तचाप तथा मधुमेह परीक्षण कार्यक्रम आयोजना गरेको जनाएको छ । उसले लुम्बिनी प्रदेशको मिलनचोक बुटवल शाखा, गण्डकी प्रदेशको पोखरा न्यूरोड शाखा, कोशी प्रदेशको तीनपैनी शाखा, मधेश प्रदेशको जनकपुर शाखा, बाग्मती प्रदेशको कान्तिपथ शाखा र नारायणगढ शाखा, र नेपालगंज शाखा, कर्णाली प्रदेशको सुर्खेत शाखा र सुदूरपश्चिम प्रदेशको धनगढी शाखामा रक्तदान कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा ७ सय ५७ रक्तदाताहरुले रक्तदान गरेका छन् । यसैगरी, १ सय १९ जनाको आँखा जाँच गरिनुका साथै २ सय जनाको रक्तचाप तथा मधुमेहको परीक्षण गरी आवश्यक परामर्श प्रदान गरिएको बैंकले जनाएको छ । बैंक पौष १८ गते बिहीबारदेखि स्थापनाको १८ वर्ष पुरा गरी १९ औं वर्षमा प्रवेश गरेको छ । वार्षिकोत्सवका अवसरमा बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले बैंकले मर्जर र व्यवसाय विस्तारसँगै बैंकको गुणस्तर वृद्धिलाई ध्यानमा राख्दै ग्राहकको सेवा र सन्तुष्टिलाई प्राथमिकतामा राखेर सेवालाई प्रभावकारी र प्रविधिमैत्री बनाउने बताए । 'अहिलेको बैंकिङ आवश्यकतालाई मध्यनजर राख्दै हामीले हाम्रा सेवालाई डिजिटल र प्रविधिमैत्री बनाउन आवश्यक छ' उनले भने,'सुरक्षालाई न्यूनतम शर्त बनाएर डिजिटल प्रविधिलाई अंगिकार गर्ने हो ।' बैंकले स्थापनाको १८ वर्षमा आफूलाई अधिकांश वित्तीय सूचकहरुमा अब्बल बनाउन सफल रहेको उनले बताए ।

# पत्रकारलाई व्यवसायीहरुको हकहितमा...

...अध्यक्ष कार्कीले पत्रकारहरु हाम्रा अभिभावक भएकाले राम्रो कामको प्रचार र खराब कामको खबरदारी गरिदिनुपर्नेमा समेत जोड दिए । व्यापार संघका संस्थापक अध्यक्ष चिरञ्जीवी पोखेरले समाजलाई सचेत बानाउने दिशामा पत्रकारहरुको महत्वपूर्ण भूमिका रहेको बताए । उनले समाजलाई सचेत बनाउँदै उद्योगी, व्यसायीहरुका पिरमर्काहरुमा समेत साथ दिन पत्रकारहरुलाई आग्रह गरे । जनप्रतिनिधि समेत रहेका पोखरेलले आगामी दिनमा पत्रकार र व्यापार संघबिच पाल्पाको विकास र समृद्धिमा साझेदारी गरेर बढ्नुपर्ने सुझाव दिए । उनले व्यापार संघ अब रचनात्मक ढंगले अगाडि बढ्नुपर्ने भन्दै जिल्लाको पार्किङ र पर्यटकीय क्षेत्रको विकासमा लाग्न आग्रह गरे । संघका निवर्तमान अध्यक्ष बामदेव बस्यालले संघ सधै व्यवसायीहरुको हितमा प्रतिवद्ध रहेको जनाउँदै त्यसमा पत्रकारहरूको साथ आवश्यक रहेको औल्याए । पाल्पालाई व्यससायिक रुपमा चलायमान बनाउनु अहिलेको आवश्यकता रहेको बताउँदै उनले अब संघ र पत्रकारहरुसँगै अगाडि बढ्नुपर्ने बताए । नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले व्यापार संघका हरेक सकारात्मक कदममा पाल्पाली पत्रकारहरुको साथ रहेको र कही कतै गलत गरेमा त्यसका विरुद्ध भने पत्रकारहरुले सशक्त ढंगले कलम चलाउने उल्लेख गरे । उनले पाल्पाका व्यवसायी र मिडियाहरु संकटमा रहेकाले दुबै निकाय सहकार्य गरेर अगाडि बढे पत्रकार र व्यवसायीहरु स्थापित हुने बताए । अध्यक्ष तिमिल्सेनाले उपभोक्तमैत्री बन्न समेत व्यापार संघलाई आग्रह । कार्यक्रममा नेपाल प्रेस युनियन पाल्पाकी अध्यक्ष मन गहिरे, प्रेस चौतारी पाल्पाका अध्यक्ष कृष्ण कार्की, प्रेस सेन्टरका जिल्ला अध्यक्ष कृष्ण दर्नाल, समाजवादी प्रेस संगठनका जिल्ला अध्यक्ष पदम गैरे लगायतले मिडिया र व्यसायीबिचको तालमेल हुन नसकेको भन्दै अब सहकार्य गरेर जानुपर्नेमा जोड दिए । संघका अध्यक्ष विष्णु कार्कीको अध्यक्षता, वरिष्ठ उपाध्यक्ष कमल ढकालको स्वागत, महासचिव तुलबहादुर अधिकारीको सञ्चालनमा कार्यक्रम भएको थियो ।




वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई